नेपाल बार एशोसिएशन

कानून व्यवसायी विपद् राहत कोष सञ्चालन

कार्यविधि, २०७७

नेपाल बार एशोसिएशनको विधान, २०४८ (संशोधन सहित) को दफा ३ (क) (ख) (ज) बमोजिमको उद्देश्य परिपूर्तिका लागि दफा २८ (१) (ज) ले दिएको अधिकार प्रयोग गरि नेपाल बार एशोसिएसनका एकाईहरूमा आवद्ध भई निरन्तर कानून व्यवसायमा रहेका कानून व्यवसायीहरूको हित रक्षार्थ विपदमा सहयोग र कल्याणकोलागि एउटा स्थायी कोषको स्थापना गरी सञ्चालन गर्न वान्छनीय देखिएकोले नेपाल बार एशोसिएशन, केन्द्रीय कार्यसमितिको मिति २०७७ जेठ ४ मा सम्पन्न भर्चुअल बैठकको निर्णय अनुसार स्थापित **"कानून व्यवसायी विपद् राहत कोष"**को व्यवस्थापन र सञ्चालनको लागि यो **"कानून व्यवसायी विपद् राहत कोष"** सञ्चालन कार्यविधि, २०७७ बनाई लागू गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१) यो कार्यविधिलाई **"कानून व्यवसायी विपद् राहत कोष सञ्चालन कार्यविधि, २०७७"** भनिनेछ । यसलाई सङ्क्षेपमा **"राहत कोष कार्यविधि"** भनिनेछ ।

२) यो कार्यविधि नेपाल बार एशोसिएशनसँग आवद्ध नेपाल राज्यका सबै बार एकाईमा अवद्ध भई निरन्तर कानून व्यवसायमा रहेका कानून व्यवसायीहरू र निजका परिवारका लागि लागू हुनेछ ।

३) यो कार्यविधि मिति २०७७ श्रावण १ गते देखि लागू हुनेछ ।

परिभाषा:-

४) यस कार्यविधिमा प्रयुक्त देहाय बमोजिमका शब्दहरूले देहाय बमोजिमको अर्थ बहन गरेका छन्:-

(क) "कोष" भन्नाले नेपाल बार एशोसिएशनद्वारा २०७७ जेठ ४ गते स्थापित "कानून व्यवसायी विपद् राहत कोष" लाई जनाउनेछ ।

(ख) "कार्यविधि" भन्नाले कोष सञ्चालनको लागि नेबाएले निर्माण गरेको यस कार्यविधिलाई जनाउनेछ ।

(ग) "विपद् भन्नाले बाढी, पहिरो, भूकम्प, आगलागी, दूर्घटना, मृत्यु, भोकमरी, महामारी वा मानवीय नियन्त्रण बाहिरका कुनै पनि घटना वा परिस्थितिलाई जनाउनेछ ।

(घ) "समिति" भन्नाले यस मापदण्डको परिच्छेद- २ बमोजिमको कोष व्यवस्थापन तथा सिफारिस समितिलाई बुझाउने छ ।

(ङ) "कार्यसमिति" भन्नाले नेपाल बार एशोसिएशनको कार्यसमितिलाई बुझाउने छ ।

(च) "एकाई" भन्नाले नेबाएका नेपाल राज्यभर गठित बार एकाईहरुलाई बुझाउने छ ।

## परिच्छेद - २
## समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) कोषको व्यवस्थापन र सञ्चालनको लागि नेबाएको कार्यसमितिले देहाय अनुसारको सात सदस्यीय एक समिति गठन गर्नेछः-

(क) नेबाएका पूर्व अध्यक्षहरु मध्येबाट कार्यसमितिबाट मनोनीत व्यक्ति ........................................................१ संयोजक ।

(ख) नेबाएका पूर्व पदाधिकारी तथा सदस्यहरुमध्येबाट नेबाएले समावेशी आधारमा मनोनयन गरेका व्यक्ति ................ २ सदस्य ।

(ग) कोषमा रु. २ लाखभन्दा बढी सहयोग गर्नेमध्येबाट नेबाएद्वारा मनोनीत व्यक्ति ....................................३ सदस्य ।

नेबाएको कोषाध्यक्षले समितिको सदस्य सचिव भइ कार्य गर्नेछ ।

(२) समितिको कार्यकाल तीन बर्षको हुनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः–

(क) समितिले नेबाएको विधान, नियमावली र यस कार्यविधि बमोजिमको अधिकार प्रयोग गरी निम्नानुसारको काम, कर्तव्य र अधिकार प्रयोग गर्न सक्नेछ ।

(ख) विपदमा परेकोले आर्थिक वा भौतिक राहतका लागि सम्बन्धित बार एकाईको सिफारिस सहित कोषबाट सहायता चाहने कानून व्यवसायीले वा निजको एकाघर परिवारको सदस्यले निवेदन गरेमा आवश्यक परे सम्बन्धित बार एकाइका अन्य व्यक्ति र निवेदक रहेको पालिकाको वडा कार्यालय समेतसँग बुझी व्यहोरा सही साँचो लागेमा निर्धारित मापदण्डका आधारमा राहत दिनका लागि नेबाए केन्द्रीय कार्यसमिति समक्ष पेश गर्ने ।

(ग) कोपको अवस्था हेरी क्षति, दुर्घटना र आवश्यकता तथा औचित्यको आधारमा कोषबाट प्रदान गर्न सकिने राहत रकम वा सामाग्रीको सीमा तथा मापदण्ड निर्धारण गर्ने ।

(घ) कोपको अवस्था मजबुद भएको स्थितिमा अन्य कुन कुन क्षेत्रमा सहयोग गर्न सकिन्छ र कोपको रकमको अधिकतम् सदुपयोग गर्न सकिन्छ सो विषयमा कार्यसमितिलाई सुझाव दिने ।

(ङ) राहत रकम तथा सामाग्री वितरणको निरीक्षण, अनुगमन गरि नेबाएको साधारण सभामा प्रस्तुत हुने प्रतिवेदनमा समावेश गर्न प्रतिवेदन पेश गर्ने ।



नेपाल बार एशोसिएशन Nepal Bar Association

(च) कोषको सञ्चालन, व्यवस्थापन तथा सदुपयोग सम्बन्धी अन्य आवश्यक कुरामा राय, सुझाव, परामर्श दिई मापदण्ड पुनरावलोकन गर्नका लागि समेत सिफारिस गर्ने ।

(४) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि सहायता उपलब्ध गराउन पुऱ्याउनु पर्ने प्रकृया पुऱ्याई सहायता उपलब्ध गराउँदा त्यो निष्प्रयोजन हुने परिस्थिति रहने अवस्थामा नेबाएको कार्यसमितिले तत्काल सहायता रकम वा सामग्री उपलब्ध गराउन यस परिच्छेदमा तोकिएको कार्यबिधिले कुनै अवरोध गर्ने छैन ।

## परिच्छेद - ३
## कोषको व्यवस्थापन, सञ्चालन र खर्च

(१) कोषमा प्राप्त हुने सम्पूर्ण रकम नेपाल राष्ट्र बैङ्कद्वारा "क" श्रेणीको इजाजत प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ । उक्त खातामा जम्मा भएको रकम यस कार्यविधिमा लेखिएको काममा बाहेक अन्य काममा खर्च गरिने छैन ।

(२) कोषको रकम खर्च गर्नुपर्दा समितिको सिफारिसमा कार्यसमितिको निर्णयअनुसार मात्र गरिनेछ ।

(३) बैंक खाता सञ्चालन गर्न नेबाएको केन्द्रीय कार्यसमितिको अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये कुनै दुइको सम्युक्त हस्ताक्षर तथा नेबाएको छापबाट सञ्चालन गरिनेछ ।

(४) कुनै कानून व्यवसायीलाई देहायका सबै वा कुनै अवस्था भएमा कोषमा रहेको रकमबाट सहायता प्रदान गरिनेछः-

(क) हिमपात, आँधिबेहेरी, बाढी, पहिरो, आगलागी, चट्याङ वा भूकम्प आदिबाट घर आवासयोग्य नहुने गरी क्षति भएमा;

(ख) कानून व्यवसायी स्वयं गम्भीर किसिमको दुर्घटनामा परी घाइते वा बिरामी भएमा;

(ग) असाध्य वा गम्भीर प्रकारको रोग लागी उपचार गर्न नसक्ने भएमा;

(घ) जुनसुकै कारणबाट कानून व्यवसायीको अप्रत्यासित मृत्यु भई निजमा आश्रित परिवारको तत्काल पारीबारिक भरणपोषणको बैकल्पिक उपाय नभएमा;

(ङ) कोभिड-१९ वा यस्तै किसिमका सरुवा, संक्रामक वा महामारी रोग नियन्त्रणका क्रममा सरकारी बन्दाबन्दीले व्यवसाय गर्न नपाई दैनिक जीवनयापनमा कठीनाइ उत्पन्न भएमा;

(च) हाल परिकल्पना नगरिएको कुनै पनि परिस्थिति, घटना वा अवस्था उत्पन्न भई सम्पूर्ण कानून व्यवसायीको कानून व्यवसाय नै अवरुद्ध भई कुनै कानून व्यवसायीको दैनिक जीवनयापन गर्न कठीनाइ उत्पन्न भएमा;

## परिच्छेद - ४
## सहायता प्रदानको कार्यविधिः

(क) यस मापदण्डमा उल्लिखित कुनै परिस्थिति सिर्जना भई कुनै कानून व्यवसायीलाई सहायता आवश्यक परेको भनी सम्बन्धित कानून व्यवसायी आवद्ध रहेको बार एकाईको सिफारिससाथ पीडित कानून व्यवसायी वा निजको एकाघर परिवारको सदस्यले नेबाएमा निवेदन दिनु पर्नेछ ।

(ख) निवेदन परेपछि नेबाए सचिवालयले कोष व्यवस्थापन तथा राहत सिफारिस समितिको बैठकको लागि जानकारी गराइनेछ ।

(ग) सचिवालयले जानकारी गराएपछि तत्काले समितिको बैठक बसी प्राप्त निवेदन, सिफारिश र सोसँग सम्बद्ध आवश्यक कुराहरूको छानविन गरी सहायता सम्बन्धमा आवश्यक निर्णय गरी कार्यसमितिलाई सिफारिश गर्नेछ ।

(घ) समितिबाट प्राप्त सिफारिश अनुसार नेबाएको कार्यसमितिले सहायता उपलब्ध गराउनेछ । सिफारिश समितिले सहायता आवश्यक नभएको भनी सिफारिश गरेमा कार्यसमितिले सोही बमोजिम सम्बन्धित बार एकाईमार्फत् निवेदकलाई जानकारी गराउनेछ ।

## परिच्छेद — ५
## सहयोग प्रदान गरिने विषय, रकम वा सामाग्रीको सीमा

(१) कोषमा रहेको रकमबाट कानून व्यवसायीहरूलाई देहायको अवस्थामा देहाय बमोजिमको रकम वा सामाग्री उपलब्ध गराउन सकिनेछः–

(क) बाढी, पहिरो, आगलागी, भूकम्पबाट बसोबास गरिरहेको घर क्षति भई आवास योग्य नभएमा तत्काल बैकल्पिक आवासको लागि नगद रु. १,००,०००।०० (एक लाख) सम्म । तर कुनै कानून व्यवसायीको एकभन्दा बढी घरहरू भएको अवस्थामा यस्तो सहयोग उपलब्ध गराइने छैन ।

(ख) कानून व्यवसायी गम्भीर किसिमको बिरामी परी औषधी उपचार गर्न आर्थिक कारणले नसक्ने अवस्था रहेको भएमा नगद, रु. १,००,०००।०० (एक लाख) सम्म ।

(ग) जुनसुकै किसिमको दूर्घटनामा परी घाइते भई उपचार गर्न आर्थिक अभाव भएको अवस्था रहेमा नगद रु. ५०,०००।०० (पचास हजार) सम्म।

(घ) कानून व्यवसायी वा निजको एकाघर परिवारको सदस्यको मृत्यु भई मृत्यु संस्कारको लागि आर्थिक सङ्कट परेको अवस्थामा सहयोग बापत रु. २५,०००।०० (पच्चीस हजार) सम्म ।

(ङ) लामो समयसम्म बन्दाबन्दी वा यस्तै किसिमका मानवीय नियन्त्रण बाहिरको परिस्थिति परी आय आर्जन नभएको, दैनिक खानपान र जीवनयापनमा समस्या



नेपाल बार एशोसिएशन * Nepal Bar Association

परेको अवस्थामा बढीमा ५ जनासम्मको परिवारलाई एक महिनालाई पुग्ने खाद्यान्न सामाग्री ।

(च) आर्थिक अवस्था अत्यन्त कमजोर रहेका कानून व्यवसायीको मृत्यु भई आश्रित परिवारलाई परेको समस्याको मूल्यांकन गरी बढीमा दुई जना बालबालिकाहरूका लागि १ बर्षको शैक्षिक शुल्कको लागि विद्यालयको बिल अनुसारको रकम विद्यालयलाई भुक्तानी दिईनेछ । विद्यालयमा शैक्षिक शुल्क तिर्नु नपर्ने भएमा १ बर्षको लागि आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइनेछ ।

(२) एउटै व्यक्तिलाई एक बर्षमा एक पटकभन्दा बढी पटक राहत उपलब्ध गराइने छैन । साथै उही घटना वा परिस्थितिलाई लिएर पुनः अर्को पटक सहयोग उपलब्ध गराइने छैन ।

(३) यस परिच्छेदको दफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कोषमा रु. ५ करोड वा सोभन्दा बढी रकम निरन्तर ३ बर्षभन्दा बढी अवधिसम्म खातामा जम्मा रहिरहेमा नेबाएको कार्यसमितिले सहयोगको विषय, क्षेत्र र परिमाणलाई बृद्धि गर्न सक्नेछ ।

## परिच्छेद - ६
## असुली तथा कारवाही गरिनेः

(१) झुठा विबरण दिई सहयोग रकम र सामाग्री प्राप्त गरेको भन्ने उजुरी वा अन्य कुनै स्रोतबाट जानकारी प्राप्त भई जाँचबुझ गर्दा झुठ्ठो विबरण पेश गरेको ठहरिएमा प्राप्त गरेको रकमको डेढी रकम फिर्ता गर्न लगाई अनुशासनात्मक कारवाहीका लागि नेपाल कानून व्यवसायी परिषद्समक्ष लेखी पठाइनेछ ।

(२) कुनै कानून व्यवसायीलाई कोषबाट सहयोग उपलब्ध गराउन आवश्यक छैन भन्ने जानकारी हुँदाहुँदै वा सिफारिश गर्नु अघि सिफारिश गर्ने आवश्यक जाँचबुझ नगरी झुठ्ठो सिफारिश गरी सहयोग रकम दिलाएको पाइएमा त्यस्तो सिफारिश गर्ने सम्बन्धित बार एकाईका पदाधिकारीलाई अनुशासनात्मक कारवाहीको लागि नेपाल कानून व्यवसायी परिषद्मा लेखि पठाइनेछ र सहयोग उपलब्ध गराइएको रकम सहयोग प्राप्त गर्ने कानून व्यवसायी वा निजका परिवारबाट असुल उपर हुन नसकेमा सिफारिश गर्ने पदाधिकारीबाट दामासाहीको दरले असुल गरिनेछ ।

## परिच्छेद - ७
## पारदर्शिता, संस्थागत स्मरण र सम्मानः

(१) कोषको व्यवस्थापन र खर्चको पारदर्शितालाई कायम राख्न नेबाएले कोषको रकमको छुट्टै लेखा परीक्षण गराउनेछ ।



नेपाल बार एशोसिएशन * Nepal Bar Association *

(२) कोषको संस्थागत स्मरण र दाताको सम्मानार्थ दाताहरुले कोषमा प्रदान गरेको रकमको परिमाण, दाताको नाम र मिति सहितको छुट्टै अभिलेख राखिनेछ र त्यस्तो विवरण हरेक वर्ष कोष स्थापनाको दिन पारेर नेबाएको वेब साइटमा सार्वजनिक गरिनेछ । तर सहायता पाउने कानून व्यवसायी वा निजको परिवारको परिचय वा जानकारी हुने वा अनुमान लगाउन सक्ने गरी कुनै पनि सङ्केत सार्वजनिक गरिने छैन ।

(३) नेबाएले कोषमा महत्त्वपूर्ण सहयोग गर्ने दातामध्ये हरेक वर्ष तीन जनालाई साधारण सभामा सम्मान तथा कदरपत्र प्रदान गर्नेछ ।

## परिच्छेद - ८
## बिबिध

(१) यो कार्यविधि नेबाए केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(२) यस मापदण्डमा नपरेका विषयहरू नेबाएको कार्यसमितिले निर्णय गरे अनुसार हुनेछ ।

(३) यो मापदण्ड कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेबाएको कार्यसमितिले निर्णय गरेर फुकाउने छ ।

नेपाल बार एसोसिएशन
Nepal Bar Association